राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३०० २०८३ जेठ ११ गते सोमवार (25 May. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## सोह्र जना उम्मेदवार धरौटी फिर्ता पाउनयोग्य

दैनिक समाचारदाता

राजविराज, १० जेठ । जिल्ला निर्वाचन कार्यालय सप्तरीले प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ मा जिल्लाका १६ जना उम्मेदवार धरौटी रकम फिर्ता पाउनयोग्य भएको जनाएको छ । सो धरौटी रकम १५ दिनभित्र फिर्ता नलिएमा जफत हुने जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

विभिन्न राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दर्ताका क्रममा राखेको धरौटी रकममध्ये जफत नहुने उम्मेदवारले आवश्यक कागजातसहित कार्यालयमा निवेदन दिनुपर्ने जिल्ला निर्वाचन कार्यालय सप्तरीका प्रमुख रमेशकुमार जोशीले जानकारी दिनुभयो । धरौटी रकम फिर्ता लिन आउँदा उम्मेदवारी दर्ताको रसिद, परिचयपत्रको प्रतिलिपि, नागरिकता प्रमाणपत्र, प्यान नम्बर तथा चेकको प्रतिलिपि अनिवार्य गरिएको उहाँले बताउनुभयो ।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा सप्तरीमा कुल १०२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा थिए । निर्वाचन क्षेत्र नं. १ देखि ४ सम्मबाट विभिन्न दलका १६ जना उम्मेदवार तथा स्वतन्त्र उम्मेदवार धरौटी फिर्ता पाउनयोग्य बनेका छन् ।

निर्वाचन क्षेत्र नं. १ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का पुष्पाकुमारी चौधरी, नेकपा (एमाले) का सुमनराज प्याकुरेल र स्वाभिमान पार्टीका सुमितकुमार फिर्ता पाउने सूचीमा पर्नुभएको छ । क्षेत्र नं. २ बाट जनता समाजवादी पार्टी नेपालका उमेशकुमार यादव, रास्वपाका रामजी यादव र जनमत पार्टीका चन्द्रकान्त राउत, क्षेत्र नं. ३ बाट नेपाली कांग्रेसका दिनेशकुमार यादव, जनता समाजवादी पार्टी नेपालका उपेन्द्र यादव र रास्वपाका अमरकान्त चौधरीको क्षेत्र नं. ४ बाट रास्वपाका सीताराम साह, जनता समाजवादी पार्टी नेपालका डा. बबी सिंह र नेपाली कांग्रेसका तेजुलाल चौधरी धरौटी फिर्ता पाउने उम्मेदवारमा परेको कार्यालय प्रमुख जोशीले जानकारी दिनुभयो ।

यस्तै क्षेत्र नं. ४ का स्वतन्त्र उम्मेदवार सुरेन्द्रप्रताप साह र कृतिनन्द चौधरीले उम्मेदवारी फिर्ता लिएका कारण उनीहरू पनि धरौटी रकम बुझ्नयोग्य भएका छन् । क्षेत्र नं. १ का सागरकुमार चौधरी र क्षेत्र नं. ४ का ताराप्रसाद तिमिल्सिनाको उम्मेदवारी बदर भएका कारण धरौटी रकम फिर्ता पाउने सूचीमा पर्नुभएको उहाँले बताउनुभयो ।

प्रमुख जोशीका अनुसार सप्तरीका चार वटै निर्वाचन क्षेत्रबाट तीन/तीन जना उम्मेदवार धरौटी फिर्ता पाउनयोग्य भएका छन् । त्यसबाहेक दुई जनाको उम्मेदवारी बदर भएको तथा दुई जनाले उम्मेदवारी फिर्ता लिएका कारण उनीहरू पनि धरौटी रकम बुझ्नयोग्य रहेको उहाँले बताउनुभयो ।

"चुनावी प्रतिस्पर्धामा रहेका उम्मेदवारमध्ये मतगणना अनुसार सदर मतको १० प्रतिशत मत प्राप्त गर्ने उम्मेदवारले मात्रै धरौटी रकम फिर्ता पाउने कानुनी व्यवस्था छ," प्रमुख जोशीले भन्नुभयो, "धरौटी रकम बुझ्नका लागि १५ दिने सूचना जारी गरेका छौँ । तोकिएको समयभित्र नआए रकम राजस्व (जफत) खातामा जम्मा हुने छ, त्यसपछि दाबी गर्न पाइने छैन ।" अहिलेसम्ममा तीन जनाले धरौटी रकम फिर्ताको लागि निवेदन गरिसकेको उहाँले जानकारी दिनुभयो ।

निर्वाचन कार्यालयले तोकिएको अवधिभित्र सम्पर्क गरी प्रक्रिया पूरा गर्न सम्बन्धित उम्मेदवारलाई आग्रह पनि गरेको छ । निर्वाचनको अन्तिम मतगणना सम्पन्न भएको मितिदेखि ९० दिनभित्र धरौटी रकम फिर्ता पाउन सकिने कानुनी प्रावधान रहेको छ ।

## वीरगन्ज नाकाबाट १० महिनामा रु ७ खर्ब ९४ अर्बभन्दा बढीको आयात



दैनिक समाचारदाता

पर्सा, जेठ १० गते । वीरगन्ज भन्सार नाका हुँदै चालु आर्थिक वर्षको १० महिनामा रु ७ खर्ब ९४ अर्ब ८७ करोड मूल्य बराबरका वस्तु तथा सामान आयात भएको छ ।

गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आवमा आयातमा उल्लेखनीय वृद्धि भएको देखिएको छ । तथ्यांकअनुसार गत आवको १० महिनामा रु ६ खर्ब ९२ अर्ब ४३ करोड मूल्यका वस्तु आयात भएकोमा यस वर्ष रु १ खर्ब २ अर्ब ४४ करोड अर्थात् करिब १५ प्रतिशतले वृद्धि भएको हो ।

वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले वीरगन्ज नाका हुँदै हुने आयातमा निरन्तर बढोत्तरी भइरहेको बताउनुभयो । उहाँका अनुसार विशेषगरी पेट्रोलियम पदार्थ तथा फलाम र फलामजन्य वस्तुको आयातमा उल्लेखनीय वृद्धि भएको छ ।

कार्यालयका अनुसार चालु आर्थिक वर्षको १० महिनामा रु १ खर्ब ८१ अर्ब ७० करोड मूल्य बराबरका पाँच प्रकारका पेट्रोलियम पदार्थ आयात भएका छन् । त्यसैगरी रु ६९ अर्ब ४२ करोड मूल्यका फलाम तथा फलामजन्य सामग्री आयात गरिएको छ ।

यस्तै, सोही अवधिमा रु ५७ अर्ब ६६ करोड मूल्य बराबरका मेसिनरी तथा पार्टपुर्जा आयात भएका छन् भने रु ५५ अर्ब ७ करोड मूल्यको भटमासको कच्चा तेल आयात भएको कार्यालयले जनाएको छ ।

देशकै प्रमुख व्यापारिक नाकाका रूपमा रहेको वीरगन्ज भन्सारमार्फत हुने आयात वृद्धिसँगै राजस्व संकलनमा पनि सकारात्मक प्रभाव परेको बताइएको छ ।

## एमाले केन्द्रीय सदस्य उमाशङ्कर अरगरियाले दिए राजीनामा




दैनिक समाचारदाता

जनकपुरधाम, १० जेठ । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का केन्द्रीय सदस्य उमाशङ्कर अरगरियाले पार्टीबाट राजीनामा दिएका छन् ।

आइतबार सामाजिक सञ्जाल फेसबुकमार्फत स्टाटस लेख्दै अरगरियाले पार्टीको केन्द्रीय सदस्य पदसहित साधारण सदस्यसमेत नरहने गरी र ाजीनामा दिएको घोषणा गरेका हुन् ।पार्टीभित्र संगठन शुद्धीकरण हुन नसकेको आरोप लगाउँदै उनले पार्टीको आधिकारिक उम्मेदवारलाई हराउने व्यक्तिहरूलाई कारबाही गर्नुको सट्टा पुरस्कृत गर्ने प्रवृत्ति बढ्दै गएको बताएका छन् ।

अरगरियाले पटक-पटक जिल्लाको नेतृत्वबाट अपमानित हुनुपरेको, लगनशील तथा इमानदार कार्यकर्ताहरू अपहेलित हुने र पार्टीविरुद्ध गतिविधि गर्नेहरू नै सम्मानित हुने अवस्था देखिएको उल्लेख गरेका छन् ।

उनले यस्ता विषयमा पार्टी नेतृत्वलाई बारम्बार जानकारी गराउँदा पनि कुनै पहल नभएको भन्दै अन्ततः राजीनामा दिन बाध्य भएको बताएका छन् ।

अरगरियाको राजीनामापछि एमालेभित्रको आन्तरिक असन्तुष्टि पुनः सतहमा आएको राजनीतिक वृत्तमा चर्चा सुरु भएको छ ।


**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**

- सडक, पार्क, विद्यालय, अस्पतालजस्ता संरचनामा तोडफोड नगरौं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं र फोहोर नगरौं,
- विद्युत, पानी तथा अन्य स्रोतहरूको बचत गरौं,
- सरकारी सामग्रीको दुरुपयोग र हिनामिना हुन नदिऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,

*सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको दायित्व हो ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

अब उत्कृष्ट भविष्यको रोजाई



**MIT Campus, Janakpurdham**

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम



## सम्पादकीय

# जनकपुरधामको शैक्षिक गौरव फर्काउने बेला

कुनै समय मिथिलाको राजधानीका रूपमा मात्रै होइन, शिक्षा, दर्शन, संस्कृति र वैदिक ज्ञानको केन्द्रका रूपमा परिचित जनकपुरधाम आज आफ्नो ऐतिहासिक पहिचान गुमाउँदै गएको अनुभूति हुन थालेको छ। उच्च अदालत जनकपुरका कायम मुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवरले हालै व्यक्त गरेको चिन्ता केवल औपचारिक मन्तव्य मात्र होइन, जनकपुरधामको बदलिँदो शैक्षिक अवस्थाप्रतिको गम्भीर संकेत पनि हो।

जनकपुरधामको इतिहास पल्टाउँदा यहाँ विद्वान्, ऋषिमुनि, संस्कृत पाठशाला र ज्ञान परम्पराको लामो विरासत भेटिन्छ। मिथिला सभ्यताले केवल धार्मिक महत्त्व मात्रै बोकेको थिएन, यसले तर्क, दर्शन, न्यायशास्त्र र संस्कृतिको अनुपम उदाहरण पनि प्रस्तुत गरेको थियो। तर विडम्बना, आज त्यही जनकपुरधाम शिक्षाको गुणस्तर, अनुसन्धान, बौद्धिक बहस र शैक्षिक प्रतिस्पर्धाको मामिलामा कमजोर बन्दै गएको देखिन्छ।

मुख्य न्यायाधीश कुँवरले उठाएको "जनकपुरधामलाई पुनः शिक्षाको केन्द्रका रूपमा स्थापित गर्न सामूहिक पहल आवश्यक छ" भन्ने भनाइ अहिलेको सबैभन्दा ठूलो आवश्यकता हो। शिक्षा कुनै एक विद्यालय, शिक्षक वा सरकारको मात्रै जिम्मेवारी होइन। परिवार, समाज, स्थानीय सरकार, शैक्षिक संस्था, नागरिक समाज र निजी क्षेत्र सबैको साझा दायित्व हो। जबसम्म शिक्षालाई सामूहिक अभियानका रूपमा अघि बढाइँदैन, तबसम्म जनकपुरधामले आफ्नो पुरानो शैक्षिक गरिमा फर्काउन सक्दैन।

पछिल्लो समय सामुदायिक विद्यालयहरूको खस्कँदो अवस्था, निजी शिक्षाप्रति बढ्दो निर्भरता, युवामा अध्ययनभन्दा वैदेशिक रोजगारीप्रतिको आकर्षण र शैक्षिक वातावरणमा देखिएको निराशाले चुनौती थपेको छ। शिक्षाको उद्देश्य केवल परीक्षा उत्तीर्ण गर्नु वा प्रमाणपत्र हासिल गर्नु मात्र होइन, जिम्मेवार, नैतिक र सिर्जनशील नागरिक तयार गर्नु पनि हो। तर हाम्रो शिक्षा प्रणाली अझै पनि व्यवहारिकता र गुणस्तरभन्दा अंकमुखी प्रतिस्पर्धामा सीमित देखिन्छ।

यस्तो अवस्थामा विद्यार्थीलाई सम्मान गर्ने, उनीहरूलाई प्रोत्साहन दिने तथा मेहनतको कदर गर्ने संस्कार अत्यन्त सकारात्मक पक्ष हो। रौनियार युवा मञ्चले उत्कृष्ट विद्यार्थीलाई सम्मान गरेर समाजमा एउटा राम्रो सन्देश दिएको छ। यस्ता कार्यक्रमले विद्यार्थीमा आत्मविश्वास बढाउँछ, प्रतिस्पर्धात्मक भावना विकास गर्छ र अन्य विद्यार्थीलाई पनि प्रेरणा दिन्छ। केवल आलोचना गरेर होइन, सकारात्मक उदाहरण प्रस्तुत गरेर मात्रै समाजलाई सही दिशातर्फ लैजान सकिन्छ।

आजका विद्यार्थी नै भोलिका नेतृत्वकर्ता, प्रशासक, चिकित्सक, वैज्ञानिक, अभियन्ता र राष्ट्र निर्माणका आधार हुन् भन्ने धारणा अत्यन्त यथार्थपरक छ। यदि आज युवामा लगानी गरिएन भने भोलिको समाज कमजोर बन्ने निश्चित छ। त्यसैले शिक्षामा लगानीलाई खर्च होइन, भविष्य निर्माणको आधारका रूपमा बुझ्नुपर्छ।

स्थानीय तहले विद्यालयहरूको भौतिक पूर्वाधार सुधार, दक्ष शिक्षक व्यवस्थापन, पुस्तकालय तथा प्रविधिमैत्री शिक्षामा जोड दिनुपर्छ। अभिभावकले पनि केवल अंकको दबाब होइन, नैतिकता, अनुशासन र सिर्जनशील सोच विकासतर्फ ध्यान दिन आवश्यक छ। साथै, समाजमा बौद्धिक बहस, साहित्यिक गतिविधि, अनुसन्धान र सांस्कृतिक अध्ययनलाई प्रोत्साहन गर्ने वातावरण निर्माण गर्नुपर्छ।

जनकपुरधामको गौरव केवल धार्मिक पर्यटनमा सीमित रहनु हुँदैन। यसलाई पुनः ज्ञान, शिक्षा र संस्कृतिको केन्द्रका रूपमा स्थापित गर्न सकिए मात्रै यसको वास्तविक पहिचान जोगिन सक्छ। इतिहासको गौरव सम्झेर मात्र हुँदैन, त्यसलाई वर्तमानमा पुनर्जीवित गर्ने साहस र संकल्प पनि चाहिन्छ।

अब प्रश्न केवल जनकपुरधामको शैक्षिक स्तर खस्किएको छ भन्ने होइन, त्यसलाई सुधार्न हामी कति गम्भीर छौँ भन्ने हो। यदि समाज, सरकार र सरोकारवाला सबै पक्षले इमानदारीपूर्वक पहल गर्ने हो भने जनकपुरधामले आफ्नो पुरानो वैभव पुनः प्राप्त गर्न असम्भव छैन।

# नेपाली जनतालाई पत्र



प्रा.डा. ऋषिकेश नारायण श्रेष्ठ

राष्ट्रिय स्वतन्त्र पार्टीलाई अपार जनसमर्थन दिएर सरकार निर्माणको अवसर दिनुभएकोमा सम्पूर्ण नेपाली जनतालाई धन्यवाद दिन चाहन्छु। जनसमर्थन प्राप्त गर्नु जति महत्वपूर्ण हुन्छ, त्यसलाई टिकाइराख्नु र सही दिशामा प्रयोग गर्नु त्यति नै चुनौतीपूर्ण हुन्छ। त्यसैले सरकारको सफलता, स्थायित्व र उत्तरदायित्वका लागि तपाइँहरूको सचेत निगरानी र जिम्मेवारी पनि उत्तिकै आवश्यक हुन्छ।

तपाइँहरूलाई थाहै छ वर्षौंदेखि गिजोलिएको राज्य व्यवस्था, संस्थागत कमजोरी र अव्यवस्थालाई विधिको शासनभित्र ल्याउनु अहिलेको सबैभन्दा ठूलो चुनौती देखिन्छ। परिवर्तन र सुधारका प्रयासहरू छोटो समयमै सुरु भएका छन्, तर विभिन्न स्वार्थ समूहहरूले अनेक कठिनाइहरू पनि सिर्जना गरिरहेका छन्। धेरै नागरिकहरूले राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको सरकारलाई आशाको केन्द्रका रूपमा हेर्न थालेका छन् र परिवर्तनको अपेक्षा पनि त्यही कारणले बढेको देखिन्छ।

तपाइँहरूले सुन्नुभएकै होला राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिले "यो वर्ष खिल निकाल्ने वर्ष हो" भनेर व्यक्त गर्नुभएको सन्देशलाई पुराना विकृति, बेथिति र जरा गाडेका गलत अभ्यासहरू हटाउने प्रयासका रूपमा बुझ्न सकिन्छ। पुरानो खिल निकाल्दा केही पीडा हुनु स्वाभाविक हुन्छ। त्यसैगरी, वर्षौंदेखि जरा गाडेका समस्याहरू सुधार गर्ने प्रक्रियामा पनि असहजता, विरोध र कठिनाइ आउन सक्छन्। तर यदि उद्देश्य विधिको शासन, सुशासन र दीर्घकालीन सुधार हो भने तपाइँ हामीहरुले धैर्यता, विवेक र जिम्मेवारीका साथ सरकारलाई सहयोग गर्नुपर्छ।

अहिले हेर्दा यस्तो अनुभूति पनि हुन्छ कि यदि वैकल्पिक राजनीतिक शक्ति नउदाएको भए पुराना राजनीतिक दल र तिनका भातृ संगठनहरूसँग जोडिएका धेरै विकृति अझै सामान्यजस्तै चलिरहन्थे। सरकारी जग्गा अतिक्रमण गरेर व्यक्तिगत वा समूहगत लाभ लिने प्रवृत्ति, सरकारी कार्यालयहरूमा पार्टी संगठनहरूको दबाब र दादागिरी, सुकुम्बासी बस्तीहरूमा राजनीतिक संरक्षणको नाममा हुने प्रभाव विस्तार, वा विभिन्न प्रशासनिक कामहरूमा कमिसन र चलखेलका आरोप–यी सबै विषयहरू अहिले क्रमशः सतहमा आउन थालेको कुरा तपाइँहरुलाई थाहा नै छ।

यसले वर्षौंदेखि थुप्रिएका विकृति र शक्ति सञ्जालहरूको "प्यान्डोराज बक्स" अर्थात् "विपत्ति वा समस्याहरूको स्रोत" खुलेझैं अनुभूति गराउँदछ। जब प्रणालीभित्र गहिरो गरी जरा गाडेका विकृतिका अभ्यासहरूलाई चुनौती दिन खोजिन्छ, तब लुकेका असन्तुष्टि, स्वार्थ र विरोधहरू पनि एकपछि अर्को गर्दै बाहिर आउन थाल्छन्। त्यसैले अहिले देखिएका धेरै तनाव र प्रतिक्रिया केवल राजनीतिक प्रतिस्पर्धा मात्र नभई पुरानो संरचना र नयाँ सुधारबीचको संघर्षका रूपमा बुझिदिनुहोला।

विभिन्न स्वार्थ समूहहरूले समाजमा भ्रम फैलाउने प्रयास गरिरहेका छन्। हामी नेपालीहरूको मन अत्यन्त कोमल र भावुक हुन्छ। कसैले सामाजिक सञ्जालमा आफू वा आफ्नो समूह दुःखमा परेको पोस्ट गरेको देख्नासाथ हामी तुरुन्त भावनात्मक रूपमा प्रभावित भएर उनीहरूको पक्षमा उभिन पुग्छौं, चाहे उनीहरूले नियम-कानुनविपरीत काम नै किन नगरेका हुन्। धेरैजसो अवस्थामा हामी भावनामा बगेर विधि, प्रक्रिया र कानुनी पक्षलाई समेत बिर्सने गर्छौं।

तर अब केवल भावनामा बगेर मात्र हुँदैन। अब हरेक कार्य–जुनसुकै तहबाट भए पनि–देशको संविधान, ऐन, कानुन, विधि र प्रक्रियाअनुसार छ कि छैन भन्ने आधारमा धारणा बनाउन आवश्यक छ। किनकि विभिन्न स्वार्थ समूहहरूले तपाइँ हाम्रो भावनालाई उपयोग गरेर देशलाई गलत दिशातर्फ धकेल्ने प्रयास गरिरहेका देखिन्छन्।

नगर प्रहरीले फुटपाथमा पसल थापेर बसेकाहरूलाई हटाउँदाको दृश्य होस् वा सरकारले अव्यवस्थित बसोबास व्यवस्थापन गर्न खोज्दा देखिएका मानवीय दृश्यहरू–यस्ता घटनाले समाजलाई भावनात्मक रूपमा निकै प्रभावित बनाउने गर्छन्। तर धेरैजसो अवस्थामा हामीले फुटपाथ अतिक्रमण गर्नु कानुनसम्मत थियो कि थिएन, नदी किनार कब्जा गरेर बस्ती बसाल्नु विधिसम्मत थियो कि थिएन भन्ने मूल प्रश्नतर्फ कम ध्यान दिन्छौँ। बरु "गरिबमाथि अन्याय भयो" भन्ने भावनात्मक निष्कर्षतर्फ छिट्टै पुग्ने गर्छौं।

मानव समाजमा कुनै न कुनै रूपमा गरिबी रहन्छ। गरिबी केवल धन सम्पत्तिको अभाव मात्र होइन; चेतना, अवसर, शिक्षा, सोच र जिम्मेवारीको कमीलाई पनि व्यापक अर्थमा गरिबीकै रूपमा बुझ्न सकिन्छ। त्यसैले समस्या समाधानका लागि केवल भावनात्मक बहस होइन, न्यायपूर्ण नीति, अवसरको सिर्जना र कानुनको समान कार्यान्वयन आवश्यक हुन्छ भन्ने कुराको ज्ञान तपाइँहरूलाई छँदैछ।

देशभित्र गरिबी, रोग , बेरोजगारी, अव्यवस्थित बसोबास तथा सुकुम्बासी समस्याजस्ता सयौं चुनौतीहरू बोकेर जीवन बिताइरहेका हाम्रा नागरिकहरू छन्। ती समस्याहरूको समाधान र व्यवस्थापन गर्नु राज्य तथा सरकारको दायित्व हो। तर समाधानका नाममा संविधान, ऐन, कानुन र स्थापित प्रक्रियालाई मिचेर होइन, विधिको शासनभित्र रहेर गरिनुपर्छ भनेर तपाइँहरूले आवाज उठाउनुपर्छ।

राज्य सञ्चालनमा मानवीय संवेदनशीलता, सहानुभूति र भावनात्मक सद्भाव अत्यन्त महत्वपूर्ण हुन्छन्। तर ती भावना पनि अन्ततः संविधान, कानुन र विधिसम्मत प्रक्रियाभित्रै अभिव्यक्त हुन आवश्यक छ। यदि भावनालाई आधार बनाएर कानुनलाई कमजोर पार्ने प्रवृत्ति बढ्दै गयो भने दीर्घकालमा त्यसले राज्य व्यवस्था, सुशासन र न्याय प्रणालीलाई नै कमजोर बनाउने खतरा हुन्छ। त्यसैले नागरिकको पीडा बुझ्ने संवेदनशीलता र विधिको शासन–यी दुईबीच सन्तुलन कायम गर्नु नै सुशासनको वास्तविक आधार हो भन्ने जानकारी सरकारलाई दिनु हाम्रो दायित्व भित्र पर्दछ।

तपाइँहरूलाई थाहा छ कि छैन हाम्रो देशमा भ्रष्टाचार नियन्त्रण प्रभावकारी रूपमा हुन नसक्नुका कारणहरूमध्ये एउटा कारण सानो सामाजिक संरचना पनि हो। सानो समाज भएकाले कारबाही गर्ने निकाय, राजनीतिक नेतृत्व, प्रशासन र सरोकारवालाबीच प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा चिनजान, सम्बन्ध वा नातागोताको प्रभाव देखिने अवस्था धेरै हुन्छ। त्यसले निष्पक्ष निर्णय र कानुनी कारबाहीमा असर पार्ने गरेको अनुभूति हुन्छ।

अर्कोतर्फ, भ्रष्टाचार यति संस्थागत र सामान्यीकृत हुँदै गएको छ कि कतिपय अवस्थामा समाजले त्यसलाई गलतभन्दा पनि "सामान्य उपलब्धि" जस्तै रूपमा हेर्न थालेको देखिन्छ। उदाहरणका लागि, दशैंमा टीका-आशीर्वाद थाप्न जाँदा पनि "यत्रो वर्ष भन्सारमा काम गरिस्, अझै घर बनाउन सकेनस् ?" भन्ने खालका टिप्पणी सहज रूपमा सुनिन्छन्। यस्ता अभिव्यक्तिले इमानदार कमाइभन्दा अवैध आम्दानीलाई सफलताको मापन बनाउने विकृत मानसिकता समाजमा गहिरिँदै गएको संकेत गर्छ।

भदौ २३ र २४ गतेको "जेन्जी विद्रोह" सम्बन्धमा बेलाबखत देशभित्रका केही स्वार्थ समूहहरूले नेपाली सेना र मित्रराष्ट्रहरूलाई अनावश्यक विवादमा तान्ने, उक्साउने वा अस्थिरता सिर्जना गर्ने खालका अभिव्यक्ति दिने गरेका देखिन्छन्। नेपाली सेनाले सिंहदरबार, सर्वोच्च अदालत वा संसद भवन जोगाउन ती हजारौं युवामाथि बल प्रयोग गरेर किन नियन्त्रण गरेन, भनेर प्रश्न पनि गर्ने गरिन्छ।

तर तपाइँलाई थाहै छ लोकतान्त्रिक राज्य व्यवस्थामा सेना परिचालन कुनै व्यक्तिको भावनात्मक निर्णयले होइन, संवैधानिक प्रक्रिया, सुरक्षा परिषद्को निर्णय र सरकारको औपचारिक आदेशअनुसार हुने विषय हो भनेर।

तपाइँहरूले देखिरहनुभएको छ प्रहरीको गोलीबाट नागरिकको मृत्यु हुँदा समेत स्पष्ट जिम्मेवारी लिन नसकेको अवस्थामा, यदि सेनाको हस्तक्षेपबाट ठूलो जनधनको क्षति भएको भए त्यसको नैतिक, राजनीतिक र अन्तर्राष्ट्रिय जिम्मेवारी कसले लिने थियो होला ? तपाइँहरूलाई थाहै छ घटनापछि "विदेशी शक्ति" वा "षड्यन्त्र" जस्ता आरोपहरू लगाएर उम्कने परिपाटी नयाँ होइन। मूल प्रश्न भनेको राज्य संयन्त्र किन असफल भयो, संवेदनशील संरचनाहरू किन सुरक्षित राख्न सकिएनन्, र संकट व्यवस्थापनमा कहाँ कमजोरी

*बाँकी पृष्ठ ३मा*

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |


### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# नयाँ ल्यापटप चलाउनुअघि यी सेटिङ अनिवार्य



नयाँ ल्यापटप किन्नु भनेको नयाँ डिजिटल यात्राको सुरुवात जस्तै हो । नयाँ प्रणाली छिटो चल्छ, भण्डारण खाली हुन्छ र विन्डोज एकदम ताजा देखिन्छ । तर यी सबैका लागि केवल ल्यापटप अन गरेर मात्र पुग्दैन ।

राम्रो कार्यसम्पादन, राम्रो ब्याट्री ब्याकअप र बलियो सुरक्षा सुनिश्चित गर्नका लागि सुरुमै केही आवश्यक सेटिङ गर्नुपर्छ । यदि यी काम समयमै गरेन भने पछि प्रणाली ढिलो हुने, ब्याट्री चाँडै सकिने वा डाटा सुरक्षा सम्बन्धी समस्या आउन सक्छन् ।

*१.जरूरी विन्डोज सेटिङहरू अन गर्ने*

विन्डोज ११ मा धेरै सुविधाहरू छन्, तर पूर्वनिर्धारित सेटिङ हरेक प्रयोगकर्ताका लागि उपयुक्त हुँदैनन् । थोरै परिवर्तनले प्रणालीलाई बढी सुरक्षित र आरामदायक बनाउन सकिन्छ । सेटिङमा गएर गोपनीयता र सुरक्षा खोल्ने । यहाँ अनावश्यक डाटा सेयरिङ, विज्ञापन र स्थान पहुँच बन्द गर्न सकिन्छ । विन्डोज सुरक्षामा गएर रियल-टाइम सुरक्षा अन छ कि छैन जाँच गर्नु हो ।

यदि फाइलहरू आफैं क्लाउडमा अपलोड हुन चाहिँदैन भने वानड्राइभको सिंक सेटिङ सीमित वा बन्द गर्नुपर्छ । पूर्वनिर्धारित एप्स सेक्सनमा मनपर्ने ब्राउजर, मेल एप र फोटो हेर्ने कार्यक्रम सेट गर्नुपर्छ ।

सुरक्षाका लागि फाइल एक्सप्लोररमा गएर फाइल नाम एक्सटेन्सन विकल्प अन गर्नुपर्छ । यसले फाइलको पूर्ण नाम देखाउँछ र नक्कली वा खतरनाक फाइल पहिचान गर्न सजिलो हुन्छ ।

*२. विन्डोज सेटअप र अपडेट इन्स्टल गर्ने*

ल्यापटपमा लगइन गरेपछि माइक्रोसफ्ट खाता होस् वा स्थानीय खाता तुरुन्त अपडेट जाँच गर्नुपर्छ । सेटिङ खोलेर विन्डोज अपडेट सेक्सनमा गएर अपडेट जाँच गर्नेमा क्लिक गर्नुपर्छ । उपलब्ध सबै अपडेट डाउनलोड र इन्स्टल गर्नुपर्छ र प्रणाली रिस्टार्ट गर्नुपर्छ ।

धेरै पटक रिस्टार्टपछि पनि नयाँ अपडेट देखिन्छन्, त्यसैले अपडेट नसकिएसम्म यो प्रक्रिया दोहोऱ्याउनु पर्छ । नयाँ ल्यापटपहरू प्रायः कारखानाबाट निस्केर महिनौंसम्म स्टोरमा रहन्छन्, जसले गर्दा महत्वपूर्ण सुरक्षा अपडेट छुट्न सक्छन् । यो चरण प्रणालीको सुरक्षा र कार्यसम्पादन दुवैका लागि अत्यावश्यक छ ।

*३.टचप्याड, किबोर्ड र फंक्सन की सेटिङ गर्ने*

अति संवेदनशील टचप्याड वा गलत एफएन की सेटिङले कामलाई ढिलो बनाउन सक्छ । सेटिङ - ब्लुटुथ र यन्त्रहरू - टचप्याड मा गएर जेस्चरहरूलाई आफ्नो अनुसार अनुकूल बनाउन सकिन्छ । माउस कर्सरको गति पनि यहाँबाट समायोजन गर्न सकिन्छ ।

*४. कार्यसम्पादन र सुविधासँग सम्बन्धित परिवर्तन*

सेटिङमा गएर मेमोरी अनुकूलन अन गर्नुपर्छ, जुन प्रणालीले आफैं अस्थायी फाइलहरू हटाउँछ । उन्नत प्रणाली सेटिङ्समा गएर दृश्यात्मक प्रभावहरूलाई कार्यसम्पादन अनुसार सेट गर्न सकिन्छ ।

*५. ब्याट्री र पावर सेटिङ राम्रो बनाउन*

सेटिङ - प्रणाली - पावर र ब्याट्री सेक्सन खोल्ने । यहाँ उत्तम ऊर्जा दक्षता, सन्तुलित वा उत्तम कार्यसम्पादन मोड छान्न सकिन्छ । स्क्रिनको चमक कम राख्दा ४०-५० मिनेटसम्म थप ब्याकअप मिल्न सक्छ ।

*६. ब्याकअप र प्रणाली पुनर्स्थापना*

सुरुमै ब्याकअप बनाउनु बुद्धिमानी हो । सेटिङ - प्रणाली र सुरक्षा -ब्याकअप र पुनर्स्थापना विकल्प छान्ने । पूरै प्रणालीको ब्याकअप हार्ड ड्राइभमा बचत गर्न सकिन्छ ।

*७.सुरक्षा र डाटा संरक्षण मजबुत बनाउने*

सेटिङ - खाताहरू - साइन-इन विकल्प मा गएर विन्डोज हेलो सेट गर्ने । यसमा पिन, औँठाछाप वा अनुहार पहिचानको विकल्प हुन्छ । बिटलकर वा यन्त्र एन्क्रिप्सन अन गर्ने, जसले चोरी भएमा पनि डाटा सुरक्षित राख्छ ।

*८. अनावश्यक सफ्टवेयर र एपहरू हटाउने*

धेरैजसो कम्पनीहरूले नयाँ ल्यापटपमा ट्रायल सफ्टवेयर, खेल र आफ्ना औजारहरू पहिले नै राखिदिन्छन् । यनीहरूले ऱ्याम, भण्डारण र ब्याट्रीमा अनावश्यक भार पार्छन् । सेटिङ्स - एप्स - इन्स्टल गरिएका एप्समा गएर नचाहिने वा थाहा नभएका यस्ता एपहरू हटाउने ।

*९.यन्त्र खोज्ने सुविधा अन गर्ने*

ल्यापटप हराए वा चोरी भएमा यन्त्र खोज्ने सुविधा निकै उपयोगी हुन्छ । यसले ल्यापटप रहेको स्थान हेर्न र टाढाबाट लक गर्न सकिन्छ । यो सुविधा अन गर्न सेटिङ्स - गोपनीयता र सुरक्षा - यन्त्र खोज्नेमा गएर अन गर्ने । यसका लागि माइक्रोसफ्ट खातामा साइन इन हुनुपर्छ । यी सबै काम गरेपछि नयाँ ल्यापटप छिटो, सुरक्षित र लामो समयसम्म राम्रोसँग चल्ने हुन्छ ।

# नेपाली.......

भयो भन्ने हो ।

भारतको काश्मिर आफ्नो नियन्त्रणमा राख्न त्यहाँका पृथकतावादी गतिविधिविरुद्ध भारत सरकारले वर्षौंदेखि निरन्तर कोशिस गरिरहेको छ । त्यस क्रममा सयौ भारतीय सुरक्षाकर्मीहरूले बलिदान दिइसकेका छन्, र राष्ट्रिय अखण्डताको प्रश्नमा भारतले कुनै सम्झौता गर्दैन पनि ।

मानिलिऊँ, कुनै दिन पृथकतावादी शक्तिहरूले काश्मिरमाथि नियन्त्रण कायम गरे र त्यसपछि नरेन्द्र मोदी नेतृत्वको सरकारले संसदमा उभिएर "आतंककारीहरूले हाम्रो मुटु काश्मिर कब्जा गरिदिए, यसमा विदेशी शक्तिको हात छ" भन्दै केवल जिम्मेवारी पन्छाउने शैलीमा अभिव्यक्ति दियो भने भारतमा त्यसको राजनीतिक, सामाजिक र नैतिक असर कति गम्भीर हुन्थ्यो होला ? त्यसको कल्पना पनि गर्न सकिँदैन ।

त्यस्तै, हाम्रो भदौ २३ र २४ गतेको विद्रोहको सन्दर्भमा पनि तत्कालीन सरकार प्रमुख वा सत्ता साझेदार दलका केही नेताहरू राष्ट्रिय संरचनाहरू जोगाउन नसकेको विषयमा आत्मसमीक्षा गर्नुको सट्टा "फलानाले आगो लगायो", "लुसिफरले गरायो", "विदेशीको हात छ" जस्ता अभिव्यक्ति अझै पनि दिँदै हिँडेका देखिन्छन् । यस्ता गैर जिम्मेवार अभिव्यक्तिहरू विरुद्ध, नेपाली जनताले करिब करिब दुई तिहाईको जनमत राष्ट्रिय स्वतन्त्र पार्टीलाई दिइसकेको छ । अझै पनि ती दल वा पार्टीको चेत खुलेको देखिँदैन ।

आजको विश्व राजनीति हेर्दा शक्तिशाली राष्ट्रहरूबीचको प्रतिस्पर्धा झन् जटिल बन्दै गएको देखिन्छ । त्यस्तै कतिपय देशहरू आन्तरिक द्वन्द्व, बाह्य प्रभाव र शक्ति संघर्षका कारण अस्थिरतामा फसेका छन् । यस्तो अवस्थामा केवल सामाजिक सञ्जालमा आरोप लगाएर, जनतालाई उत्तेजित बनाएर वा उग्र राष्ट्रवादको भाषण गरेर मात्र राष्ट्रियता सुरक्षित रहँदैन । राष्ट्रियता जोगाउन परिपक्व नेतृत्व, बलियो राज्य व्यवस्था, राष्ट्रिय एकता र सन्तुलित कूटनीति आवश्यक पर्छ ।

विगतमा नेपाली जनताको बुद्धिमत्ताले कठिन भूराजनीतिक परिस्थितिमा पनि कूटनीतिक सन्तुलनको महत्व देखाएको थियो । । यदि कुनै शक्तिशाली राष्ट्रले नेपालमाथि प्रभाव विस्तार गर्न खोज्यो भने त्यसको सामना केवल आक्रोशपूर्ण भाषणले होइन, राष्ट्रिय एकता, संस्थागत मजबुती, आर्थिक आत्मनिर्भरता, विवेकपूर्ण नेतृत्व र सन्तुलित असंलग्न परराष्ट्र नीतिबाट मात्रै गर्न सकिन्छ भन्ने कुराको ज्ञान तपाईंहरूलाई छँदैछ ।

यदि राष्ट्रियतामाथि साँच्चै नै चुनौती बढिरहेको हो भने पुराना राजनीतिक दलहरूले अझ बढी जिम्मेवारी, आत्मसमीक्षा र सुधारको बाटो रोज्नुपर्ने हुन्छ । तर विभिन्न दलहरूको आन्तरिक कलह हेर्दा उनीहरू अझै पर्याप्त आत्मसमीक्षामा पुगेका जस्तो अनुभूति हुँदैन । जनताको विश्वास गुमाउँदै गए पनि सुधार गरेर पुनः विश्वास जित्नुभन्दा एकअर्काविरुद्ध प्रतिष्ठाको संघर्षमा अल्झिएको अवस्था तपाईं हामीले देखिरहेका छौं । लोकतन्त्रमा कुनै पनि दलको दीर्घकालीन अस्तित्व जनताको विश्वास, दलको उत्तरदायित्व र क्षमतामाथि टिकेको हुन्छ; शक्ति संघर्षमाथि होइन । जब नेताहरू व्यक्तिगत शक्ति, प्रतिष्ठा वा गुटगत अस्तित्व जोगाउने संघर्षमा अत्यधिक केन्द्रित हुन्छन्, तब कहिलेकाहीँ पार्टीको सामूहिक भविष्य नै संकटमा पर्न सक्छ ।

प्रिय जनताहरू,तपाईं-हामीले पुराना योगदान र बलिदान बोकेका पार्टीहरूलाई बारम्बार भनेका थियौं–"सच्चियौ भने टिक्छौं, नसच्चिए सकिन्छौं ।" तर उनीहरूले त्यसलाई गम्भीर रूपमा लिएनन् ।

माओवादी नेता जनार्दन शर्माले उठाएका केही विषयहरूलाई माओवादी अध्यक्ष प्रचण्डले समयमै सम्बोधन गरिएको भए इतिहास बोकेको नेकपा माओवादी केन्द्र आज विघटन हुने थिएन । त्यसैगरी, एमाले नेता योगेश भट्टराई लगायतले उठाएका प्रश्नहरूलाई एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वले समयमै आत्मसात गरेको भए यति ठूलो व्यवस्थित संगठन भएको एमाले पार्टी ले चुनावमा कमजोर परिणाम भोग्नुपर्ने थिएन । त्यस्तै, कांग्रेस नेता गगन थापा ले माग गरेअनुसार समयमै महाधिवेशन सम्पन्न गरेको भए नेपाली कांग्रेस ले आजको जस्तो आन्तरिक अन्योल र कमजोर जनविश्वासको अवस्था सामना गर्नुपर्ने थिएन ।

जब नेताहरू आफ्नो व्यक्तिगत शक्ति, प्रतिष्ठा वा गुटगत अस्तित्व जोगाउने संघर्षमा अत्यधिक केन्द्रित हुन्छन्, तब कहिलेकाहीँ पार्टीको सामूहिक भविष्य नै संकटमा पर्न सक्छ । यस्तो अवस्था देख्दा स्वाभाविक रूपमा प्रश्न उठ्छ–आफ्नो पार्टीको अस्तित्व जोगाउन नसक्ने नेतृत्वले देशको अस्तित्वलाई कसरी जोगाउन सक्ला?

अन्ततः देशलाई सही दिशातर्फ लैजान सक्ने वैकल्पिक नयाँ नेतृत्वप्रति नागरिकहरूले धेरै आशा राखेका देखिन्छन् । परिवर्तनकारी प्रयासहरू सफल बनाउन नागरिकको धैर्यता, जिम्मेवारी र लोकतान्त्रिक समर्थन पनि आवश्यक हुन्छ । तपाईंहरूले पाँच वर्षका लागि अपार जनसमर्थनका साथ निर्वाचित गरेको वर्तमान सरकारमाथि यदि कुनै अस्वाभाविक दबाब वा संकट आयो भने सरकारको रक्षाका लागि लोकतान्त्रिक र शान्तिपूर्ण रूपमा सडकमा आएर समर्थन जनाउने समय पनि आउन सक्छ । त्यसका लागि तयार रहनुहोला ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# मलमास स्नानका लागि गेरुकाधाममा श्रद्धालुको घुइँचो



दैनिक समाचारदाता

जनकपुरधाम, १० जेठ। महोत्तरीको लोहारपट्टी नगरपालिका-४ खुट्टा पिपरारीस्थित पवित्र गेरुका नदी (गेरुकाधाम) मा मलमास (पुरुषोत्तम मास) को अवसरमा सुरु भएको एक महिने विशेष स्नान मेलामा श्रद्धालुहरूको उल्लेखनीय भीड देखिएको छ। प्रत्येक तीन वर्षमा एकपटक पर्ने मलमासका अवसरमा लाग्ने यो धार्मिक मेलामा विशेषगरी आइतबार र मंगलबार सयौँ श्रद्धालुहरू नदीमा स्नान तथा पूजा-आराधनाका लागि पुग्ने गरेका छन्।आज आइतबार गेरुका नदी क्षेत्रमा बिहानैदेखि श्रद्धालुहरूको अत्यधिक चहलपहल देखिएको थियो। विभिन्न जिल्लासहित सीमावर्ती भारतीय क्षेत्रबाट समेत भक्तजनहरू गेरुकाधाम पुगेर पवित्र नदीमा डुब्की लगाएका छन्। जेठ ३ गतेदेखि सुरु भएको मेला महिनाभर सञ्चालन हुने आयोजकले जनाएको छ।

धार्मिक तथा ऐतिहासिक महत्व बोकेको गेरुकाधामलाई रामायणकालीन स्थलका रूपमा समेत चिनिन्छ। स्थानीय जनविश्वासअनुसार माता सीताले पनि यस नदीमा स्नान गरेको मान्यता रहिआएको छ। यही कारणले गेरुका नदीलाई पवित्र जलाधारका रूपमा श्रद्धापूर्वक पूजाआजा गरिन्छ।

हिन्दू धर्मशास्त्रअनुसार मलमासमा तीर्थस्थलमा स्नान गरी भगवान् पुरुषोत्तमको पूजा-आराधना गर्दा पापमुक्ति प्राप्त हुने धार्मिक विश्वास रहेको छ। यही आस्थाका कारण प्रत्येक मलमासमा गेरुकाधाममा श्रद्धालुहरूको ठूलो उपस्थिति रहने गर्दछ। मेलाका क्रममा नदी क्षेत्रमा भजन-कीर्तन, पूजापाठ तथा धार्मिक अनुष्ठानसमेत सञ्चालन भइरहेका छन्। स्थानीयवासीले गेरुकाधामलाई धार्मिक पर्यटनको महत्वपूर्ण गन्तव्यका रूपमा विकास गर्न राज्यले आवश्यक पूर्वाधार निर्माण र संरक्षणमा ध्यान दिनुपर्ने बताएका छन्।

## दाइजोविरुद्ध उपसभामुख ठाकुरको कडा प्रतिबद्धता

दैनिक समाचारदाता

सर्लाही, १० जेठ। रुबीकुमारी ठाकुरले दाइजो प्रथाविरुद्ध अन्तिम साससम्म संघर्ष जारी राख्ने बताएकी छन्। चन्द्रनगर गाउँपालिका-२ गौचरण बजारमा आयोजित बालविवाह तथा दाइजो प्रथा उन्मूलन सभामा उनले छोरा-छोरीबीच समान व्यवहार भए मात्रै दाइजो अन्त्य सम्भव हुने बताइन्।

'बाल विवाह जिन्दगी तबाह, दाइजो हटाऔं, छोरी बचाऔं' नारासहितको कार्यक्रममा उनले दाइजोका कारण मधेशमा छोरीमाथि हिंसा बढिरहेको उल्लेख गरिन्। दाइजो दबाबले ज्यान जाने घटना र गर्भमै छोरी हत्या हुने अवस्था देखिएको उनको भनाइ थियो।

नितिमा भण्डारी कार्कीले युवापुस्ताको सक्रियता आवश्यक रहेको बताइन् भने गाउँपालिका अध्यक्ष राजकुमार महतोले दाइजोविरुद्ध प्रोत्साहन कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिए। कार्यक्रममा ३५४ छोरी र परिवार सम्मानित भएका छन्।

## सुनकोसी नदीमा डुबेर दुई बालकको मृत्यु



दैनिक समाचारदाता

सिन्धुलीमाढी,१० जेठ। सिन्धुलीको सुनकोसी गाउँपालिका(५ सित्खास्थित सुनकोसी नदीमा नुहाउने क्रममा आइतबार दिउँसो डुबेर दुई बालकको मृत्यु भएको छ।

मृत्यु हुनेमा सुनकोसी गाउँपालिका(४ घर भई हाल वडा नं. ३ बोहोरेटार बस्दै आएका दलबहादुर पुलामी मगरका ९ वर्षीय छोरा सफल पुलामी मगर र सोही स्थानमा बस्दै आएकी सरिता विकका १० वर्षीय छोरा युकेस विक रहेका छन्।

जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रहरी निरीक्षक अजयकुमार कुशवाहाका अनुसार अपराह्न करिब ३ बजे स्थानीय गोठालाले नदीको छुट्टिएको सानो भँगालो किनारमा दुई बालक नुहाइरहेको देखेका थिए। त्यसको केही समयपछि एक जना बालक पानीमा डुबेको र अर्को एक जना बगेजस्तो देखिएपछि तत्काल प्रहरी चौकी सित्खा (रामेछाप) मा खबर गरिएको थियो।

घटनाको जानकारी पाउनासाथ सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन बेस खुर्कोटबाट खटिएको सशस्त्र प्रहरीको गोताखोर टोली, नेपाल प्रहरी तथा स्थानीयवासीले खोजतलास सुरु गरेका थिए। खोजीका क्रममा दुवै बालक मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार सफल पुलामी मगरलाई नुहाएको स्थानभन्दा करिब १५० मिटर तल पूर्वी नदी किनारमा तथा युकेस विकलाई करिब ३० मिटर तल सुनकोसी नदीभित्र डुबेको अवस्थामा फेला पारिएको थियो। घटनास्थलबाट बालकहरूको दुई जोर सेतो चप्पलसमेत बरामद गरिएको प्रहरीले जनाएको छ।

दुवै शव उद्धार गरी पोस्टमार्टमका लागि पठाइएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## बागमती प्रदेश सभाको बजेट अधिवेशन जेठ ११ गतेदेखि

मकवानपुर १० जेठ। बागमती प्रदेश सभाको बजेट (बर्खे) अधिवेशन जेठ ११ गतेदेखि सुरु हुने भएको छ। प्रदेश सरकारको सिफारिसमा दीपकप्रसाद देवकोटाले जेठ ११ गते दिउँसो १ बजेका लागि प्रदेश सभाको अधिवेशन आह्वान गरेका हुन्।

सरकारको नीति तथा कार्यक्रम तथा आगामी आर्थिक वर्षको बजेटमाथि छलफल गर्न अधिवेशन बोलाइएको हो। यही अधिवेशनमा लामो समयदेखि रिक्त रहेको सभामुख पदको निर्वाचन पनि प्रमुख एजेन्डाका रूपमा रहनेछ।

बागमती प्रदेश सभाको सभामुख पद विगत आठ महिनादेखि रिक्त छ। तत्कालीन सभामुख भुवनकुमार पाठकले गत असोज १ गते पदबाट राजीनामा दिएका थिए। उनले जेनजी आन्दोलनका क्रममा भदौ २४ गते सामाजिक सञ्जालमार्फत राजीनामाको घोषणा गरेपछि औपचारिक पत्र असोज १ गते पठाएका थिए। प्रदेश सभा सचिवालयले भने उक्त राजीनामासम्बन्धी औपचारिक सूचना करिब दुई महिनापछि मंसिर ४ गते सार्वजनिक गरेको थियो।

हाल उपसभामुख अप्सरा चापागाईले सभा सञ्चालन तथा कार्यव्यवस्था परामर्श समितिको नेतृत्व गरिरहेकी छन्। तर सभामुख नहुँदा प्रदेशका विभिन्न संवैधानिक प्रक्रिया प्रभावित भएको सांसदहरूको भनाइ छ। हालै प्रदेश लोक सेवा आयोगको सदस्य नियुक्ति गर्दा पनि सभामुखविनै सिफारिस प्रक्रिया अघि बढाइएको थियो।

राजनीतिक दलहरूबीच शक्ति सन्तुलन र भागबन्डाको विषयमा सहमति हुन नसक्दा आगामी अधिवेशन पनि नेतृत्वविहीन अवस्थामै अघि बढ्ने आशंका व्यक्त गरिएको छ।

***हिउँदे अधिवेशनमा दुई विधेयक समितिमा***

गत चैत २४ गतेदेखि वैशाख ६ गतेसम्म सञ्चालन भएको हिउँदे अधिवेशनमा दुईवटा विधेयकमाथि सामान्य छलफल गरी संसदीय समितिमा पठाउने निर्णय गरिएको थियो। प्रदेश सभा सचिवालयका प्रवक्ता प्रकाश चापागाईंका अनुसार प्रदेश विपद् व्यवस्थापन विधेयक तथा खानेपानी तथा सरसफाइ सम्बन्धी विधेयक दफावार छलफलका लागि अर्थ तथा विकास समितिमा पठाइएको थियो।

प्रवक्ता चापागाईंका अनुसार हिउँदे अधिवेशनअन्तर्गत चैत २४, २५, २६ र वैशाख ६ गते गरी चारवटा बैठक बसेका थिए। ती बैठकमा सांसदहरूले समसामयिक तथा जनचासोका विषयमा धारणा राख्नुका साथै विभिन्न प्रतिवेदन संसद्मा पेस गरेका थिए। सभामुखको राजीनामासम्बन्धी विषय पनि संसद्मा पढेर सुनाइएको थियो। उनका अनुसार आगामी अधिवेशनका मुख्य कार्यहरूमा सभामुख निर्वाचन, संसद्मा रहेका विधेयकलाई अघि बढाउने, बजेट पेस गर्ने तथा पारित गर्ने विषय रहनेछन्।

## जनकपुरधाममा जेठ ११ गतेदेखि १४ गतेसम्म योग विज्ञान शिविर



दैनिक समाचारदाता

जनकपुरधाम, १० जेठ। जनकपुरधामस्थित तिरहुतिया गाछीमा चारदिने योग विज्ञान शिविर आयोजना हुने भएको छ।

जेठ ११ गतेदेखि १४ गतेसम्म सञ्चालन हुने शिविरमा योगगुरु बाबा रामदेव की शिष्या साध्वी देवादितीको विशेष सहभागिता रहने आयोजकले जनाएको छ।

आयोजकका अनुसार शिविरको मुख्य उद्देश्य मधेश प्रदेशका नागरिकलाई स्वस्थ जीवनशैलीतर्फ प्रेरित गर्नु रहेको छ। शिविरमा प्राणायाम, ध्यान, विभिन्न योग अभ्यास तथा स्वास्थ्यसम्बन्धी प्रशिक्षण प्रदान गरिनेछ।

जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासले सनातन धर्ममा योगको विशेष महत्व रहेको उल्लेख गर्दै योग केवल शारीरिक अभ्यासमा सीमित नभई आत्मशुद्धि, मानसिक शान्ति तथा आध्यात्मिक उन्नतिको माध्यम भएको बताए।


उनले आधुनिक जीवनशैलीका कारण बढ्दै गएको तनाव, मानसिक असन्तुलन तथा विभिन्न रोगबाट बच्न योग प्रभावकारी उपाय बन्न सक्ने धारणा व्यक्त गरे।

त्यस्तै पतञ्जली योग पीठ मधेशका उपाध्यक्ष मनोहर साहले नियमित योग अभ्यासले शरीरलाई स्वस्थ, मनलाई शान्त तथा जीवनलाई अनुशासित बनाउने बताए। उनका अनुसार रोगअनुसार गरिने योग अभ्यासले शारीरिक लाभ मात्र नभई विभिन्न रोग निको हुने सम्भावना समेत बढाउँछ।


आयोजकले शिविरमा सयौँ सर्वसाधारणको सहभागिता रहने विश्वास व्यक्त गरेको छ। शिविरमार्फत जनकपुरधामसहित मधेश प्रदेशका विभिन्न जिल्लामा योग, स्वास्थ्य र प्राकृतिक जीवनशैलीप्रति जनचेतना अभिवृद्धि हुने अपेक्षा गरिएको छ।


अब अनलाइनबाट बुकिङ्गको सुविधा

divyaclinicjanakpur.com




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर

जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,

Phone :9861147201

नैना होस्पिटल प्रा.लि.

जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,

Phone :977041 591035, Mob. 9801674020


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४